# दादुरा

## यो केवल थोरै दाग मात्र होइन।



**विशेषगरी शिशुहरू र साना बच्चाहरूका लागि दादुरा खतरनाक हुन सक्छ।**

**दादुराका लक्षणहरूमा सामान्यतया निम्न कुराहरू समावेश छन्:**

- **उच्च ज्वरो** (तापक्रम 104°F भन्दा बढी हुन सक्छ)
- **खोकी**
- **नाकबाट पानी बग्नु**
- **आँखा रातो र/वा पानी आउने**
- **दाग** (लक्षणहरू सुरु भएको 3-5 दिन पछि देखिन्छ)

## दादुरा गम्भीर हुन सक्छ।

दादुराले निमोनिया, मस्तिष्क सुन्निने (इन्सेफलाइटिस) र मृत्यु जस्ता गम्भीर स्वास्थ्य जटिलताहरू निम्त्याउन सक्छ।

**5 मध्ये 1** दादुरा लागेका मानिसहरूलाई अस्पतालमा भर्ना गरिने छ।

**प्रत्येक 20 जना दादुरा भएका बालबालिकामध्ये 1** जनालाई निमोनिया हुन्छ, जुन साना बालबालिकामा दादुराबाट हुने मृत्युको सबैभन्दा सामान्य कारण हो।

**प्रत्येक 1,000 मध्ये 1** दादुरा लागेका मानिसहरूमा मस्तिष्क सुन्निने हुन्छ, जसले मस्तिष्कलाई क्षति पुर्‍याउन सक्छ।

**1,000 मध्ये 1 देखि 3 सम्म** दादुरा लागेका मानिसहरू मर्ने छन्।

**दादुरा अत्यधिक संक्रामक छ** र संक्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा हावाबाट फैलिन्छ। दादुरा लागेको एक व्यक्तिले आफ्नो वरपर खोप नलगाएका 10 मध्ये 9 जनामा दादुरा सार्न सक्छ।



## खोप दादुराबाट बच्ने उत्तम तरिका हो

बच्चालाई 12-15 महिना र 4-6 वर्षको उमेरमा दादुरा-मम्प्स-रुबेला (MMR) खोप लगाउनु पर्छ। दादुराविरुद्ध दुई मात्रा 97% प्रभावकारी हुन्छन्।

Vaccines for Children
Iowa HHS

Vaccines for Adults
Iowa HHS

IOWA MEDICAL SOCIETY

Original content created by CDPH